नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति विकास शाखा)

पत्र संख्याः ज.वि. शा.२८५/२०७३-७४

चलानी नं. २३९

मितिः- २०७३।०७।१

तुरुन्त

विषयः- वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।

श्री सबै मन्त्रालय/कार्यालय/आयोग/विभाग/सचिवालय

ITEC/INDIA बाट प्राप्त भारतमा सन्चालन हुने तपसिल अनुसारको अध्ययन / तालीम / अध्ययन भ्रमण कार्यक्रममा तहाँबाट मनोनयन गर्ने गरि निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७३/०५/३१ को वैठकबाट निर्णय भएको हुदाँ उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र. सं. | अध्ययन / तालीम/छात्रवृत्तिको विषय | अध्ययन / तालीम | अध्ययन/ तालीमको अवधि | अध्ययन/तालीम छात्रवृत्ति प्रदान गर्ने संस्था/ मुलुक | ब्रोसियर अनुसार अवश्यक योग्यता/सम्बधित निकाय वा अन्य प्रासंगिक कुरा | छात्रवृत्ति वितरण गरिएका निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | One Year Post-Graduate Programme in Management for Executives (PGPX) | Study | 31-03-2017 to 31-03-2018 | ITEC/INDIA | Eligibility/Target organization:<br>(i) A valid GMAT Score (Test taken between 1st April 2013 to 15th November 2016) and ;<br>(ii) Bachelor degree in any discipline plus work experience or diploma is acceptable if the total academic study years is minimum 15 years from grade I onwards and;<br>(iii) Minimum age of 27 years by March 31, 2017<br>(iv) Must qualify IIMA selection process.<br>• Age group of 25-45 years<br>• minimum of 5 years of working experience<br>For detail about qualification, courses, brochure & others, please visit www.indianembassy.org.np | सबै निकायलाई खुला गर्ने |

( किरण थापा )

शाखा अधिकृत

बोधार्थ

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।

श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरबार ।

श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार ।

सिंहदरबार, काठमाण्डौं, नेपाल फोन नम्बरः ०१-४२००३६७/४२००३६८/४२००३६९ फ्याक्स नम्बरः ९७७-०१-४२००२३८